**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १४ जनवरी २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

**१.** मकर संक्रान्तिको शुभ अवसरमा आज देश-विदेशबाट आएका लाखौं भक्तजनहरूले गंगा सागरमा स्नान गरे।

**२.** पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जी अनि तृणमूल कांग्रेसका राष्ट्रिय महासचिव अभिषेक ब्यानर्जीले मकर संक्रान्ति र पौष पर्वको अवसरमा राज्यका जनतालाई शुभकामना दिएका छन्।

**३.** खरसाङ "हाउजिङ फर अल" योजनाका उपभोक्ताहरु, नगरपालिका अनि विभागीय अधिकारी सँग जीटीएका प्रमुख कार्यपाल अनित थापाको बैठक आगामी 20 जनवरीमा हुने भएको छ।

**४.** खरसाङ गोर्खे हाट र खरसाङ नगरपालिकाको संयुक्त पहलमा आजदेखि खरसाङ गोर्खे बजार शुरु गरिएको छ।

**५.** 18औं संस्करणको सुकुना गोल्ड कप फुटबल टुर्नामेन्ट-2025 को पहिलो प्री क्वार्टर खेलमा जलपाईगुडी जिल्ला पुलिसले मिलन समिति कोलकातालाई 1 को विरुद्ध 4 गोल गरी पराजित गरेको छ।

**गंगासागर मेला**

मकर संक्रान्तिको शुभ अवसरमा आज देश-विदेशबाट आएका लाखौं भक्तजनहरूले गंगा सागरमा स्नान गरे। गंगा सागर मेला 8 जनवरीदेखि सुरु भएको छ भने यो मेला 17 जनवरीमा समापन हुनेछ। पवित्र स्नानको शुभ समय आज बिहान 6.58 बजीदेखि 15 जनवरी बिहान 6.58 बजीसम्म रहेको छ। पश्चिम बंगाल सरकारले गंगा सागर मेलाको लागि विशेष व्यवस्था गर्दै सरकारी बस र अन्य सुविधाहरूको व्यवस्था गरेको छ।अधिकारीहरूअनुसार गत वर्ष लगभग 32 लाख श्रद्धालु यहाँ आएका थिए। यस पटक यो संख्या अझ बढ्न सक्छ। गंगा सागर मेलामा बंगलादेशी अनुप्रवेशकारीहरूको सम्भावित गतिविधिलाई ध्यानमा राख्दै सुरक्षा व्यवस्था कडा पारिएको छ। दक्षिण 24 परगना जिल्लाको सागर द्वीपमा भीडको फाइदा उठाउँदै अवैध अनुप्रवेश हुन सक्ने भन्दै गुप्तचर एजेन्सीहरूले राज्य सरकारलाई सतर्क गराएका छन्। मेला क्षेत्रमा 13 हजार पुलिस तैनाथ गरिएको छ भने भारतीय तटरक्षक बलले पनि सुरक्षामा सहयोग गरिरहेका छन्। गंगा सागर मेलालाई सुरक्षित र व्यवस्थित बनाउन 1,150 भन्दा बढी सीसीटीभी जडान गरिएको छ।

****** ० ******

**मकर संक्रान्ति शुभकामना**

मकर संक्रान्ति र पौष पर्व जस्ता चाडपर्वहरू बंगालको संस्कृति र परम्पराको अभिन्न अंग हुन्। यस पवित्र पर्वमा, पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जी र तृणमूल कांग्रेसका राष्ट्रिय महासचिव अभिषेक ब्यानर्जीले राज्यका जनतालाई शुभकामना दिएका छन्।मुख्यमन्त्री ममता ब्यानर्जीले आफ्नो सोशल मिडिया पोस्टमा मकर संक्रान्ति मनाउँदै गरेको तस्वीर साझा गर्नु भएको छ। उहाँले लेख्नु भएको छ- पौष पर्वमा प्रत्येक बंगाली परिवारमा पिठा बनाउनु अनिवार्य परम्परा हो। उहाँको सन्देशमा बंगालको संस्कृति र चाडपर्वहरूको सुन्दर वर्णन गरिएको छ।अभिषेक ब्यानर्जीले पनि आफ्नो सामाजिक सञ्जाल पोस्ट मार्फत राज्यवासीलाई मकर संक्रान्तिको शुभकामना दिनु भएको छ। उहाँले भन्नुभएको छ, "सूर्यको सुनौलो किरणले सबैलाई मर्यादा र समृद्धि प्रदान गरोस्। यो दिन एकता र भ्रातृत्वको प्रतीक बनोस्। यस अवसरमा उहाँले नयाँ बालीको पनि उल्लेख गर्दै सबैको जीवनमा खुशी र सद्भावको कामना गर्नु भएको छ।

****** ० ******

**हाउजिङ फर अल-अनित थापा**

खरसाङ "हाउजिङ फर अल" योजनाका उपभोक्ताहरु, नगरपालिका अनि विभागीय अधिकारी सँग जीटीएका प्रमुख कार्यपाल अनित थापाको बैठक आगामी 20 जनवरीमा हुने भएको छ। एक भिडियो जारी गर्दै श्री थापाले खरसाङ नगरपालीकामा "हाउजिङ फर अल" योजनाका उपभोक्ताहरूले विभिन्न समस्या भोग्नु परेको गुनासोबारे आफू अवगत रहेको तथा यस विषयमा उपभोक्ता अनि अधिकारीहरू कोही पनि आफूलाई भेट्न नआएको बताउनु भयो। यसै बिषयलाई केन्द्र गरी थापाले नगरपालिकाका

अध्यक्ष, एसडीओ सँग पनि कुरा गरिसकेको जानकारी दिनुभयो। उपभोक्ताहरूले समयमा पैसा नपाएको कारणबारे थापा स्वंय अनभिज्ञ देखिए। यही विषयलाई लिएर आगामी 20 जनवरी 2025 को दिन उपभोक्ताहरू, नगरपालिका, सभासद अनि सम्बन्धित विभागका अधिकारी सँग बैठक डाक्न निर्देश उहाँले दिनुभयो। बैठक नयाँ बजार स्थित टाउन हलमा दिनको 11 बजे हुने तय भएको छ। श्री थापाले भन्नुभयो, यदि सम्बन्धित विभागले उपभोक्ता माथि अन्याय गरेका छन् भने, सरकारले पैसा दिएर पनि त्यो पैसा उपभोक्ताको घरमा पुगेको छैन भने, उनीहरूले नगरपालिकालाई सोधेको प्रश्नको जवाब पाएन भने उनीहरु सडकमा उत्रने नै छन्। सोध्ने अनि खोज्ने उनीहरूको अधिकार हो। तर उपभोक्ताहरु मध्ये एकजना पनि म कहाँ आएका छैनन्। मेरो जिम्मेवारी हो कि समस्या सुने पछि त्यसको समाधान मैले निकाल्नु नै पर्छ।

****** ० ******

## चिसो पानीमा सार्वजनिक भवन उद्घाटन

गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनका मुख्य कार्यपाल अनित थापाले आज रोहिणी ग्राम पञ्चायत अन्तर्गत घैयाबारी ३ को चिसो पानीमा सार्वजनिक भवनको उद्घाटन गर्नुभयो। सार्वजनिक भवनको नामकरण स्वर्गीय साइला गुरुङ अनि स्वर्गीय निर्मला गुरुङको स्मृतिमा राखिएको छ। भवनलाई समाजको हातमा सुम्पिनदैं अनित थापाले भन्नुभयो, "सार्वजनिक भवन बनिनु भन्दा पनि महत्वपूर्ण भवनको स्याहार सुसार गर्नु हो।" उहाँले भवन बनाउँनु अघि जुन आतुरता यहाँका जनताले देखाएका थिए सोही जोश लिएर भवनको स्याहार गर्ने अनुरोध पनि गर्नुभयो। भवनलाई बिहे, मरौका‌ि निम्ति मात्र प्रयोग नगरेर अन्य समाजमुखी कार्यको निम्ति उपयोग गर्ने श्री थापाले बताउनु भयो। भवन उद्घाटन कार्यक्रममा सभासदहरू कल्पना प्रधान, अनोस थापा, खरसाङ पञ्चायत समिति सभापति अनु प्रधान, घैयाबारी ३ का प्रधान सुष्मा वाईबाको उपस्थिति रहेको थियो।

****** ० ******

## ग्लेनबर्ण चियाबारी

ग्लेनबर्ण चियाबारी बडाँ गाउँको आयोजनामा तीन दिवसीय श्रीमद् भागवत महापुराण, बिश्वशान्ती महायणको आजको प्रथम दिन पुजापाठ र कलास यात्रा गरि आरम्भ गरियो। कार्यक्रममा प्रमुख पण्डित आर्चार्य दिनार्थ सिग्देल , सहायक दुर्गा आचार्य , रमक पोखरेलको उपस्थित थिए । भजन अनि प्रवचन गरेर कार्यक्रम सम्पन्न गरियो। तीन दिवसीय कार्यक्रमको समापन १६ जनवरीको दिन हुने आयोजक समितिले बताएका छन् ।

****** ० ******

## सडकको निर्माण कार्य

रंगबुल धोतरिया रगंमुक समष्टि अन्तर्गत रगंमुक चियाबारीको कारखानादेखि चन्द्रमानधुरा हुँदै मिलिङ चियावारीसम्म पुग्ने गाडी हिंड्ने सडकको निर्माण कार्य युध्द स्तरमा भइरहेको छ। वर्षौदेखि यहाँका ग्रामवासीले सडक निर्माणको निम्ति दार्जीलिङ गोर्खा पार्वत्य परिषददेखि पहिलो गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनसम्म आइपुग्दा पनि अनेकौ ज्ञापनहरु सुम्पिन्दा पनि सडक निर्माण नभएको तर अहिले आएर वर्तमान गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापा अनि क्षेत्रीय सभासद एंव डेपुटी चेयरम्यान राजेस चौहानले स्थानीय ग्रामवासीको जनगुनासोलाई सम्मान गर्दै पक्की सडकको निर्माण गरिदिएकोमा ग्रामवासीले एउटा ऐतिहासिक कार्य भएकोमा खुशी प्रकट गर्दै कृतज्ञता प्रकट गरेका छन्।

****** ० ******

## वाइट अर्किड फेस्टिभल

खरसाङमा आगामी २४ देखि २६ जनवरीसम्म हुने वाइट अर्किड फेस्टिभल अन्तर्गत आगामी २६ जनवरीको दिन खुल्ला दौडको पनि आयोजना गरिने भएको छ। यसै विषयलाई लिएर आज खरसाङमा आयोजक समितिको तर्फबाट पत्रकार सम्मेलनमा जानकारी गराइएको छ। उक्त म्याराथन विषयमा पत्रकारहरुसित कुराकानी गर्दै खरसाङ वाइट अर्किड फेस्टिभलको दौड तर्फको सभापति निर्मल गुरुङले वाइट अर्किड फेस्टिवल अन्तर्गत २६ जनवरीमा खुल्ला म्याराथनको आयोजना गरिएको र यसमा सहभागीहरुले नि:शुल्क भाग लिन पाउने बताउनु भएको छ। उहाँले बताए अनुसार उक्त दौड अन्तर्गत ५ किलोमीटरको गिद्ध पहाडस्थित भ्यु पोइन्टबाट अनि १० किलो मीटरको महानदीदेखि शुरु हुने र खरसाङको मन्टिभियट खेल मैदानमा समाप्त हुने भएको छ। यसको साथै खरसाङ वाइट अर्किड फेस्टिवल विषयमा आयोजक समितिको सदस्य डेभिस छेत्रीले फेस्टिभलले खर्साङलाई फराकिलो ढाँचा चिनाउने बिश्वास व्यक्त गर्नुभयो। पत्रकार सम्मेलनमा खरसाङ वाइट अर्किड फेस्टिवल अन्तर्गत दौड तर्फको सल्लाहकार मोहन योञ्जन र बीरबल पाख्रिन पनि उपस्थित रहेका थिए।

****** ० ******

**खरसाङ गोर्खे बजार**

खरसाङ गोर्खे हाट र खरसाङ नगरपालिकाको संयुक्त पहलमा आजदेखि खरसाङ गोर्खे बजार शुरु गरिएको छ। खरसाङ बजारको पुरानो एफसीआई गोदामदेखि केही मुनि रहेको स्थानमा आजदेखि गोर्खे बजार शुरु गरिएको छ जुन अब बिहीबारबाहेक दैनिक रुपमा लाग्ने भएको छ। आज उक्त गोर्खे बजारको उदघाटन खरसाङ नगरपालिकाको भाइस चेयरम्यान सुवास प्रधानको बाहुलीबाट रिबन काटेर शुरु गरिएको छ। यस अवसरमा औपचारिक कार्यक्रम पनि आयोजना गरिएको थियो जसलाई गोर्खे हाटको सभापति बिजय सेञ्चुरी र सचिव महेश छेत्रीले सञ्चालन गरेका थिए। कार्यक्रममा खरसाङ नगरपालिकाको भाइस चेयरम्यान सुवास प्रधानले वक्तव्य राख्दै यस क्षेत्रमा खरसाङ गोर्खे बजार शुरु गर्नलाई व्यापक रूपमा सर सफाई गरिएको बताउँदै यो गोर्खे बजारमा बाहिरका सामानहरु पनि बिक्री गर्न पाउने र यहाँ बिहीबारबाहेक अरु दिन दैनिक रुपमा बजार लाग्ने गरेको जानकारी गराउनु भयो। यस खरसाङ गोर्खे बजार शुरु गरिएको विषयमा पत्रकारहरुसित कुराकानी गर्दै गोर्खे हाटको सचिव महेश छेत्रीले आईतबार टुरिस्ट लजमाथि गोर्खे हाट सधैंको जस्तो लाग्ने जहाँ हाम्रै मानिसहरुले अर्ग्यानिक सर सामानहरु बिक्री गर्ने र यहाँ खरसाङ गोर्खे बजारमा अन्य सर सामानहरु र बाहिरका सामानहरु पनि बिक्री गर्न सकिने बताउनु भयो।

****** ० ******

**सुकुना गोल्ड कप**

सुकुना गेम्स एन्ड स्पोर्ट्स एसोसिएसनको तत्त्वधानमा प्रत्येक वर्ष आयोजना गरिने सुकुना गोल्ड कप फुटबल टुर्नामेन्टको 18औँ संस्करण गत 5 जनवरीबाट शुरू भएको छ। सुकुना उच्चत्तर माध्यमिक विद्यालयको खेल मैदानमा सुकुना गेम्स एन्ड स्पोर्ट्स एसोसिएसनको तत्त्वधान अनि युवा एवं खेलकुद मामिला विभाग जीटीएको सहयोगमा चलिरहेको यस 18औँ संस्करणको सुकुना गोल्ड कप फुटबल टुर्नामेन्ट-2025 को आज पहिलो प्री क्वार्टर खेल मिलन समिति कोलकाता बनाम जलपाईगुडी जिल्ला पुलिस माझ सम्पन्न भयो। आजको खेल शुरूदेखि नै रोमान्चक रहेको थियो। खेलमा जलपाईगुडी जिल्ला पुलिसले 1 को विरुद्ध 4 गोल गरी मिलन समिति कोलकातालाई पराजित गरेको छ। आजको खेलमा म्यान अफ दी म्याच जलपाईगुडी जिल्ला पुलिसका जर्सी नम्बर - 17 उत्तम कुन्जुलाई चयनित गरिएको छ।

****** ० ******